म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २४७ बिहीबार ६ बैशाख २०८१ ने. सं. ११४४ चौलाथ्व 18 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आगलागी पीडितलाई उपमहानगरको सहयोग

हेटौंडा, ५ वैशाख/आगलागी भई घर पूर्णरुपमा क्षति भएका हेटौंडा उपमहानगरपालिका-६ रामनगरका आत्मलाल चौलागाईलाई हेटौंडा उपमहानगरपालिकाले खाद्यान्न सहयोग गरेको छ । मंगलबार विद्युतको तार सट भई चौलागाईको घर पूर्णरुपमा क्षति भएको थियो । बुधबार हेटौंडा उपमहानगपालिकाका उपप्रमुख राजेश बानियाँ खाद्यान्न सामग्री सहित आगलागी पीडित चौलागाईको घरमा पुगेका थिए । आगोले पूर्णरुपमा क्षति भएको घरको निरीक्षण गर्दै उपप्रमुख बानियाँले क्षति भएको घरको पुनर्निमाणमा उपमहानगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।उपप्रमुख बानियाँले चामल, दाल, नुन, तेल, चिउरा, चिनी, साबुन सहयोग गरेका हुन् । राहत हस्तान्तरण गर्न हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, वडासदस्य विजय पौडेल पीडित चौलागाईको घरमा पुगेका थिए । आगलागीबाट पीडित भएकालाई उपमहानगरले सहयोग पुऱ्याउँदै आएको छ ।

# स्वदेशी काठ प्रयोगमा नीतिगत व्यवस्था गर्न संघ सरकारसँग माग

साझाकुरा संवाददाता



हेटौंडा, ५ वैशाख/ बागमती प्रदेशका वन तथा वातावरणमन्त्री केशवप्रसाद पोखेलले सरकारी, सामुदायिक भवन तथा संरचना निर्माण हुँदा स्वदेशी काठ प्रयोगका लागि नीतिगत व्यवस्था गर्न संघ सरकारको ध्यानाकर्षण गराएका छन् ।

संघीय सरकारका वन तथा वातावरणमन्त्री नवलकिशोर साहलाई भेट गर्दै प्रदेशका मन्त्री पोखेलले काठ प्रयोगका लागि नीतिगत व्यवस्था गर्न अनुरोध गरे । अब बन्ने सरकारी कार्यालय र सरकारी अनुदानबाट बन्ने सामुदायिक भवनमा युपिभिसी प्रयोगमा रोक लगाईने उनको भनाई छ ।

उनले २० चैतमा पदभार ग्रहण गर्दै पहिलो निर्णय नै युपिभिसी तथा आयातीत काठको प्रयोग रोक्न स्वदेशी काठको प्रयोग अनिवार्यताका लागि नीतिगत व्यवस्था गर्ने निर्णय गरेका थिए । मलेसियालगायतका देशबाट आयात भएका कमजोर काठ बिक्री भएको तर स्वदेशी काठ बिक्री नभएर कुहिने अवस्थामा रहेको भन्दै मन्त्री पोखेलले चिन्ता व्यक्त गरे ।

३ वैशाखमा वनमन्त्री साहलाई मन्त्री पोखेल, प्रदेश वन मन्त्रालयका सचिव धीरेन्द्रकुमार प्रधानले भेटेर १८ बुँदे ध्यानाकर्षणपत्र बुझाएका छन् । राष्ट्रिय वन क्षेत्रको एकीकृत रणनीतिक योजना यथाशीघ्र तयार गर्ने, वन ऐन २०७६ को दफा ६२ उपदफा २ अनुसार वन अपराध नियन्त्रण, मुद्दा तहकिकात तथा दायरीको लागि अनुसन्धान अधिकृतसम्बन्धि नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने, सबै प्रदेशमा वन व्यवस्थापनका कार्यक्रममा एकरुपता ल्याउन दीगो वन व्यवस्थापनका राष्ट्रिय मापदण्ड तयार गरी लागू गर्न ध्यानाकर्षण गराइएको मन्त्री पोखेलले बताए ।

ढुंगा, गिट्टी तथा बालुवा संकलन प्रशोधन तथा वनजन्य उद्योगको दुरी निर्धारणसम्बन्धी मापदण्ड व्यवहारिक बनाउने, वन क्षेत्रको जग्गा अन्य प्रयोजनका प्रदेश तथा स्थानीयस्तरका आयोजनालाई वन क्षेत्रको जग्गा उपलब्ध गराउन सक्ने गरी निश्चित थ्रेसहोल्ड तोकेर प्रदेशबाटै उपलब्ध गराउन सकिने व्यवस्थाका लागि वन ऐनमा सशोधन गर्न संघीय सरकारसँग अनुरोध गरिएको मन्त्री पोखेल बताउँछन् ।

समुदायमा आधारित वन क्षेत्रबाट समूह बाहिर काठ बेचबिखन हुँदा प्रदेश शुल्क लगाउने गरी कानुनी व्यवस्थाका लागि सरकारसँग अनुरोध गरिएको मन्त्री पोखेलले जनाए । प्रदेश सरकारका वन कर्मचारीलाई विदेशमा हुने तालिम गोष्ठी तथा भ्रमणमा पनि मनोनयन गर्न, समुदायमा आधारीत वन समूहको पहिचान कोड परिवर्तनको व्यवस्था गर्ने, प्रदेशमा रहेका राष्ट्रिय निकुन्ज तथा संरक्षित क्षेत्रसँग सम्बन्धित कार्यालयलाई प्रदेश मन्त्रालय तथा मातहतका कार्यालयसँग समन्वय तथा सहकार्यका लागि गर्न निर्देशन दिन संघसँग अनुरोध गरिएको छ ।

राष्ट्रपति चुरे तराइ मधेस विकास समिति, राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्रहरुले प्रदेशको क्षेत्राधिकार भित्र काम गर्दा प्रदेश वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरी काम गर्ने, संरक्षित क्षेत्रबाट लगभग २०० मिटर मात्र मध्यवर्ती क्षेत्रको रुपमा व्यवस्थापन भएमा स्थानीय जनता बढी लाभान्वित हुने, संघीय वातावरण ऐन, २०७६ तथा प्रदेश वातावरण ऐन, २०७७ मा व्यवस्था भए अनुसार मन्त्रालयले मातहतका कर्मचारीलाई वातावरण निरीक्षक तोक्ने, संघीय सरकारका ससाना कार्यालयलाई प्रदेशमा हस्तान्तरण गर्ने, हस्तकला तथा काष्ठकलालाई प्रवर्द्धनका लागि स्वदेशी कच्चा पदार्थलाई नै बढावा दिने व्यवस्थापनका लागि अनुरोध गरिएको मन्त्रालयले जनाएको छ ।

# मनहरीबाट डेढ सय केजी गाँजासहित ७ जना पक्राउ

साझाकुरा संवाददाता




हेटौंडा, ५ वैशाख/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले ठूलो परिमाणमा लागूऔषध गाँजासहित सात जना ओसारपसारमा संलग्न भरियाहरु पक्राउ गरेको छ ।

गाँजा बोकेर भारततर्फ गइरहेको अवस्थामा पर्सा राष्ट्रिय निकुन्जका कर्मचारी र निकुन्जमा खटिएका नेपाली सेनाले बुधबार बिहान करिब डेढ सय केजी गाँजासहित ७ जनालाई पक्राउ गरेको छ । मकवानपुरको राक्सिराङ गाउँपालिकाबाट बोकेर नेवारपानीको बाटो पार गर्दै गर्दा मनहरी गाउँपालिकास्थित मध्यवर्ती क्षेत्रमा पर्ने माथिल्लो मसिनेबाट १ सय ३० केजी गाँजासहित सात जना पक्राउ परेका हुन् ।

हातमा लाइट र पिठ्युमा गाँजाको बोरा बोकेर हिँडेकालाई निकुन्जका टोलीले घेरा हालेर नियन्त्रणमा लिएको थियो । गाँजासहित पक्राउ पर्नेहरुमा राक्सिराङ गाउँपालिका–३ का सुरेश चेपाङ, राक्सिराङ–७ का १९ वर्षीय टीकाराम चेपाङ, कैलाश गाउँपालिका–४ का २८ वर्षीय बमबहादुर चेपाङ, २७ वर्षीय हरिकुमार चेपाङ, कैलाशकै २७ वर्षीय वीरमान चेपाङ, मनहरी गाउँपालिका–४ का ४४ वर्षीय रामहरि लुईटेल र मनहरी–५ का ३६ वर्षीय दीपक थापामगर रहेका छन् ।

प्रहरीले प्रारम्भिक अनुसन्धानमा उनीहरु भरिया रहेको पत्ता लगाएको छ । राक्सिराङ गाउँपालिकाको सरिखेतबाट तस्करले गाँजा खरिद गरेर उनीहरुलाई नेपाल भारतको सीमानामा पर्ने सुवर्णपूर गाउँमा पुऱ्याउन प्रतिकेजी एक हजार रुपैयाँ ज्याला दिएको पक्राउ परेकाले प्रहरी समक्ष बताएका छन् । लागूऔषध ओसारपसारमा अधिकांश भरिया मात्रै पक्राउ पर्ने र तस्करहरु उम्किँदै आएका छन् । भरियाहरु पक्राउ पर्ने क्रममा राक्सिराङ र कैलाश गाउँपालिकाको धेरै युवाहरु भीमफेदी कारागारमा कैदीबन्दीको जीवन कटाइरहेका छन् ।

मकवानपुरको उत्तर पश्चिम र धादिङको किराञ्चोक लगायत क्षेत्रमा उत्पादन भएको गाँजा मनहरी गाउँपालिकाको विभिन्न नाका हुँदै पर्सा राष्ट्रिय निकुन्जको जंगलबाट भारत पुऱ्याउने गरिन्छ । बुधबार बिहान बरामद गरिएको गाँजा र नियन्त्रणमा लिएका सात जनालाई कानुनी कारबाही गर्न निकुन्जका सुरक्षाकर्मीले जिल्ला प्रहरी कार्यालय हेटौंडामा बुझाएको प्रहरी उपरीक्षक एवम् प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए ।

# मकवानपुरमा बढ्यो डेंगु

साझाकुरा संवाददाता



हेटौंडा, ५ वैशाख/ मकवानपुरमा डेंगु सङ्क्रमितको संख्या ८०८ पुगेको छ । जनस्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांकअनुसार जिल्लामा १ साउनदेखि वैशाख ४ गतेसम्म पुरुष चारसय १३ र महिला तीन सय ९५ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको हो ।

गर्मीयाम सुरु भएसँगै पछिल्लो समय जिल्लामा डेंगु सङ्क्रमित देखिन थालेको जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । जिल्लामा सबैभन्दा धेरै हेटौंडा उपमहानगरमा डेंगु सङ्क्रमित भेटिएका छन् । यहाँ २६६ पुरुष र २७२ महिला गरी ५३८ जनामा डेंगु सङ्क्रमण पुष्टि भइसकेको छ । जिल्लाको कैलाश गाउँपालिकामा सबैभन्दा कम एकजना पुरुषमा डेंगु सङ्क्रमण भएको छ ।

त्यस्तै, थाहा नगरपालिकामा पुरुष ३ जना, मकवानपुरगढी गाउँपालिकामा पुरुष १२ र महिला ८ गरी २० जना, बागमती गाउँपालिकामा ५ पुरुष र १९ महिला गरी २४ जना, मनहरी गाउँपालिकामा पुरुष ४२ जना र ३० जना महिला गरी ७२ जना, इन्द्रसरोवर गाउँपालिकामा पुरुष २ जना र महिला २ जना गरी ४ जना, भीमफेदी गाउँपालिकामा पुरुष २३ जना र १४ जना महिला गरी ३७ जना, बकैया गाउँपालिकामा पुरुष १२ जना र १३ जना महिला गरी २५ जना र राक्सिराङ गाउँपालिकामा २ जना पुरुषमा डेंगु सङ्क्रमण पुष्टि भएको छ ।

हेटौंडा अस्पतालमा पुरुष २० जना र महिला २० जना गरी ४० जना र अन्य जिल्लाका पुरुष ९ जना र महिला ३ जना महिला गरी १२ जना र ठेगाना नखुलेका १६ पुरुष र १४ महिला सहित ३० जनामा डेंगु सङ्क्रमण पुष्टि भएको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । जिल्लामा डेंगु सङ्क्रमण कारण एक जनाको मृत्यु भएको थियो । मकवानपुरमा गत आर्थिक वर्षमा पाँच हजार ८६४ जनामा डेंगु सङ्क्रमण भएको थियो जसमध्ये तीन हजार २०५ जना पुरुष र दुई हजार ६५९ जना महिला थिए ।

# थाहाका सहकारीलाई पल्स तथा कोपोमिस तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ५ वैशाख/थाहा नगरपालिका सहकारी शाखाको आयोजनामा पल्स तथा कोपोमिस तालिमको सुरु भएको छ । नयाँगाउँस्थित साहारा रिसोर्टमा ३ वैशाखबाट तीनदिने तालिम सुरु भएको हो ।

तालिमको एक कार्यक्रम बीच थाहा नगरपालिकाका प्रमुख प्रशासकीयअधिकृत तथा प्रमुख अतिथि कृष्ण गिरीले उद्घाटन गरे । तालिमको उद्घाटन गर्दै प्रमुख अतिथि गिरीले सहकारीको क्षमता अभिवृद्धिका लागि तालिम आयोजना गरिएको बताए ।

उनले सहकारीहरुसँग साझेदारीमा विभिन्न काम गर्न सकिने बताउँदै आगामि आर्थिक वर्षको बजेट निर्माणको क्रममा सहकारीसँग पनि अन्तरक्रिया गरेर साझा योजना निर्माण गर्ने प्रतिवद्धता जनाए ।

थाहा नगरपालिका आर्थिक विकास समितिका संयोजक तथा ३ नम्बर वडाध्यक्ष हिरेन्द्रकुमार रायमाझीको सभाध्यक्षतामा भएको कार्यक्रमका सहभागी तथा अतिथिलाई सूचना अधिकारी सुरजकुमार भुजेलले स्वागत गरेका थिए ।

कार्यक्रममा संयोजक रायमाझीले सहकारीलाई सूचना प्रविधिमा आधारित बनाउनका लागि कोपोमिस तालिम सहयोगी सावित हुने अपेक्षा गरे । तालिममा थाहा नगरपालिका अन्तर्गतका सहकारीका व्यवस्थापक तथा प्रतिनिधिको सहभागिता रहेको शाखाप्रमुख अस्मिता घिमरेले जानकारी दिइन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats



25 Years of Excellence in Education
Celebrating Silver Jubilee
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
Hurry Up !
Seats are limited
Book your seat on time
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# टिपर आतङ्क, भयमा सर्वसाधारण

नेपालको कानूनअनुसार कुनैपनि नेपाली नागरिकले सरकारको इजाजत लिएर ब्यवसाय गर्न पाउँछ । टिपरब्यवसाय पनि त्यस्तै एउटा सेवामूलक ब्यवसाय हो । तर, ब्यवसाय गर्ने नाममा सर्बसाधारण्ढा जनतालाई आतंकित पार्न पाइँदैन । मकवानपुरका खानी क्षेत्रमा सञ्चालन हुने टिपरको आतङ्क वर्षौंदेखि कायम छ । टिपर आतङ्क नियन्त्रणमा आउन सकेको छैन । तीव्रगति र ओभर लोडले आमजनतामा आतङ्क नै फैलिएको भन्दै राजनीतिक दलका भातृ संगठनदेखि नागरिक समाज सडकमा उत्रिने क्रम चलिरहेको छ । जिल्लास्थित सिमेन्ट उद्योगमा चुनढुंगा उत्खनन् क्षेत्र (खानी) बाट आवतजावत गर्ने टिपरले गाउँदेखि नगरक्षेत्र नै आतङ्कित बनाएको भन्दै पटक-पटक आवाज उठ्ने गरेको छ । तर, 'हात्तीका अगाडि भुसुना' भन्ने नेपाली उखान झैं शक्तिको आडमा व्यवसायीले ट्राफिक नियम उल्लंघन गरिरहँदा आतङ्क हट्नुको साटो झन् बढेको छ ।

टिपरको तीव्रगति र ओभरलोड नियन्त्रण गर्ने नियमनकारी निकाय नै व्यवसायीको संरक्षणमा रहेको आशंका सर्वसाधारणले गरेका छन् । टिपरको आतङ्क नियन्त्रण गर्न सर्वसाधारण र स्थानीय तहले प्रहरी प्रशासनलाई पटक-पटक मौखिक वा लिखितरुपमै अनुरोध गर्दै आएका छन् । प्रहरी प्रशासनले बेलाबखत सडकमा टिपरमाथि जाँच गरेपनि आतङ्क नियन्त्रण आउन सकेको छैन । नियमित जाँच, अनुगमन र कारबाही प्रभावकारी नहुँदा टिपरले सडकमा सर्वसाधारणको होसहवास उडाइरहेको हो । टिपरले ढालाभन्दा एक हातमाथि ढुंगा बोकेर तीव्रगतिमा कुदिरहेका छन् । जसको कारण ढुंगा खसेर लाग्ने डरले विशेष गरी हेटौंडा बजारको मुख्य सडक क्षेत्र नै आतङ्कित बनेको हो । तर, ओभरलोड बोकेर नगरका सडकभरि खानीजन्य ढुंगा, गिट्टी र बालुवा छरेर टिपर कुदिरहँदा पनि ट्राफिक प्रहरी रमिते बनिरहेका छन् । टिपरले ओभरलोड चुनढुंगा बोकेर हिँडेको गुनासो धेरै आएपछि करिब एकवर्ष अघि जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरेको थियो । हेटौंडा-१ नम्बर वडा कार्यालयले पनि सो सम्बन्धमा ध्यानाकर्षणपत्र बुझाएको थियो । तर, पत्राचारप्रति नियमन गर्नेतर्फ प्रहरी गम्भीर नभएको हाल भइरहेको टिपरका आतङ्कले पुष्टि गर्दछ । 'नेपालको कानून दैवले जानून' भन्ने उखान यही प्रसङ्गमा पुन: मिल्न गएको छ । कानुन कार्यान्वयनमा समय सीमा निर्धारण हुँदैन । तर, मकवानपुरमा भने आवाज उठेपछि कानुन कार्यान्वयन भएको जस्तो देखिने र आवाज मत्थर हुन थालेपछि कानुनले कामै गर्न छोड्ने समस्या रहेको छ । मकवानपुरका प्रशासनिक निकायमा टिपर बारेको गुनासो विगतदेखि आइरहेको बताइएको छ । तर, गुनासो केवल गुनासोमै सीमित छ ।

पछिल्लो समय ओभरलोड बोकेको टिपरले आतङ्क मच्चाएको भन्दै हेटौंडा उपमहानगरपालिकाको १ नम्बर वडा कार्यालयले प्रहरी प्रशासनसमक्ष पत्राचार पनि गरेको तर, प्रहरीले टिपर नियन्त्रण गर्न छोडेर मुकदर्शक मात्रै बनेको छ । सवारीको क्षमता अनुसारको लोड बोकेर बाटोको अवस्था हेरेर ठीक गतिमा नहिँडी यस्तै अटेर गरिरहे अब जनताको जीउज्यानको सुरक्षाको लागि सडकमा हेभी टिपर गुडाउन रोक्ने चेतावनी स्थानीयले दिन थालेका छन् । हेटौंडा नगरक्षेत्रका तीनवटा सिमेन्ट उद्योगका कच्चापदार्थ आपूर्ति गर्ने क्रममा टिपरले क्षमता भन्दा बढी लोड बोकेर नगरको मुख्य सडक र यात्रुलाई जोखिममा पारिरहेका छन् । तीव्रगतिका टिपर आउने बित्तिकै मोटरसाइकल, साइकल, अटो, मयुरी जस्ता साना सवारीसाधन कालोपत्रे सडक छोडेर भाग्नुपर्ने अवस्था छ । टिपरले ढालाभन्दा माथि चुली लगाएर चुनढुंगा ल्याएपछि सडक सुरक्षामै खतरा निम्तिएको हो । नेपालको सडकहरु १० मेट्रिकटन भारवहन गर्ने सवारीका लागि निर्माण गरिएको भएपनि ५० टनभन्दा बढी चुनढुंगा बोक्ने टिपरहरु निर्बाध चलिरहेका छन् । तर, प्रहरी प्रशासनको यसतर्फ कुनै ध्यान गएको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख ७ गते शुक्रबार १९ अप्रिल २०२४ । एकादशी, चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३७, सूर्यास्त ६:३० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : त्रासमय दिन हुनेछ | तुला | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| वृष | : खानपिन राम्रो हुनेछ | वृश्चिक | : पारिवारिक जमघट हुनेछ |
| मिथुन | : शरीरमा बाधा पुग्न सक्नेछ | धनु | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कर्कट | : मन पर्ने उपहार पाइने योग छ | मकर | : कामबाट फुर्सद मिल्नेछ |
| सिंह | : प्रतिष्ठित काम गर्ने मौका छ | कुम्भ | : सहयोगीको राम्रो साथ पाइनेछ |
| कन्या | : आत्म-विश्वास बढ्नेछ | मीन | : रोकिएका काम बन्ने योग छ |

# नयाँ दलहरु पनि सत्तामुखी



श्रीमन नारायण

राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टीजस्ता नवोदित राजनीतिक दलहरु पनि सत्ताकै वरिपरि केन्द्रित हुनु दुर्भाग्यपूर्ण हो । वि.सं. २०७९ को स्थानीय तह निर्वाचनमा राष्ट्रिय राजधानी काठमाडौं र पूर्वी तराईका शहर धरानका जनताले देशका स्थापित राजनीतिक दलहरुमाथि पत्यार नगरी स्वतन्त्र उम्मेदवारलाई नगरप्रमुखमा विजयी गराए ।

काठमाडौंका नगरप्रमुख बालेन्द्र साह र धरानका नगरप्रमुख हर्क साम्पाङ राईले अहिलेसम्म जनादेशको सम्मान गर्दै आएका छन् । भ्रष्टाचार, अनियमितता र परिवारवादको आरोप उनीहरुमाथि लागेको छैन । वि.सं. २०७९ को स्थानीय तह निर्वाचनमा जनताको आकर्षण स्वतन्त्र उम्मेदवारहरुप्रति देखिएपछि रवि लामिछानेले पनि आफूलाई सक्रिय राजनीतिमा ल्याउने निधो गरे ।

उनले बडो चलाखीपूर्वक आफ्नो राजनीतिक दलको नाम नै स्वतन्त्र राखे । जनताले स्वतन्त्र पार्टीका उम्मेदवारहरुलाई स्वतन्त्र उम्मेदवार नै ठाने तथा राष्ट्रिय स्वतन्त्र पार्टी अस्तित्वमा आएको ६ महिनाभित्रमा नै यस पार्टीमाथि अत्यधिक विश्वास गरे । समग्र राजनीतिमा एउटै वैकल्पिक शक्ति बन्ने र भविष्यको नेतृत्व गर्न सक्ने दलको रुपमा जनताले रास्वपालाई मत दिएका थिए तर राष्ट्रिय स्वतन्त्र पार्टी पनि पुरानै दलहरुको सिन्डिकेटमा नयाँ साझेदार बनेर थपिने काम गरेको छ ।

पदलोलुपता र सत्तालिप्सा अरुका लागि निन्दनीय तर रास्वपाका लागि कसरी स्वाभाविक ? भन्ने प्रश्न पार्टी पंक्तिबाटै उठ्न थालेको छ । १४ महिनाभित्रमा दुईपटक सरकारमा सहभागी हुनु र त्यो पनि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा ? यो पार्टी लोकतन्त्र समर्थक हो, बामपन्थी हो, कि दक्षिण पन्थी हो ? यसबारे पनि पार्टी अहिलेसम्म प्रस्ट भएको छैन ।

देशको राजनीतिमा सुधार ल्याउने, भ्रष्टाचारको अन्त्य गर्ने आर्थिक पारदर्शिता कायम गर्ने, सुशासन ल्याउने, नैतिक मूल्य-मान्यता एवं इमानदारितामा आधारित राजनीति गर्ने दाबीसहित राष्ट्रिय राजनीतिमा आएको यो पार्टी पनि अन्य राजनीतिक दलहरुजस्तै हो । विनाकुनै त्याग, समर्पण, बलिदान, आन्दोलन, गिरफ्तारी र जनतामा लगानी नै रातारात जनताले राष्ट्रिय स्वतन्त्र पार्टीमाथि विश्वास गर्नुको कारण यस पार्टीका नेताहरुद्वारा चुनावमा गरिएका प्रतिबद्धता हुन् ।

नेपालको राजनीतिमा विकृति आयो, सबै नेताहरु भ्रष्ट भए, यिनीहरु पद र कुर्सीविना बाँच्नै सक्दैनन्, देशमा राजनीतिक दलहरुको काम नै छैन भन्ने दाबी गर्ने दल पनि सत्ताका लागि नै जन्मिएका छन् भन्ने प्रस्ट भएको छ । राजनीतिमा व्याप्त भ्रष्टाचारको विरोध गरेर चर्चा कमाएका र चुनावमा जनतको समर्थन हासिल गरेका नवोदित दलहरु पनि आफ्ना पूर्वघोषित प्रतिबद्धता विपरीत आरोप लगाएका दलहरुकै नेतृत्वको सरकारका सहयोगी हुन्छन् र तिनकै निर्देशनमा काम गर्न तयार हुन्छन् भने तिनको सान्दर्भिकता स्वत: नै समाप्त भएको मानिन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीभित्र पनि कतिपय नेताले सरकारमा पार्टीको सहभागितालाई मन पराएका छैनन् । गत आमनिर्वाचनमा रास्वपाले प्राप्त गरेको जनादेश के थियो ? जनताले कुन अपेक्षा र आशाले यस पार्टीलाई मत दिएका थिए ? यसको अनुभूति पार्टीलाई हुन सकिरहेको छैन । अन्यथा यो सरकारमा नै जाने थिएन । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले नेपालको वर्तमान राजनीतिमा देखिएका विकृति, विसंगति र कमी-कजोरीहरुमाथि औंला ठड्याउँदै आफूलाई एउटा सक्षम राजनीतिक विकल्पको रुपमा प्रस्तुत गरेपछि मात्रै जनताले उनीमाथि पत्यार गरेका थिए । अरु सबै चोर, भ्रष्ट र बेइमान छन् भन्दै उनी नेपालको वर्तमान राजनीतिमा विद्यमान विकृतिलाई अन्त्य गर्ने राजनीतिमा आए ।

आमनिर्वाचनमा सफलता हासिल गरेपछि उनले संसद्को सदुपयोग गर्नुपर्दथ्यो, देश र जनताका जल्दाबल्दा समस्याहरुलाई प्रभावकारीरुपमा संसद्मा उठाउनुपर्दथ्यो । सरकारलाई आफ्ना सुझाव र प्रश्नमार्फत सचेत बनाउने काम गर्नुपर्दथ्यो तर होइन उनले सत्तालाई महत्व दिए । जुन राजनीतिक दलहरुलाई गलत, भ्रष्ट र जनविरोधी बताए, तिनीहरुसँगै मिलेर सरकार बनाउन पुगे ? त्यो पनि तिनको कनिष्ठ सहयोगीको रुपमा ।

राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिक आस्था के हो ? यो पार्टी लोकतन्त्रमाथि विश्वास राख्छ कि बामपन्थी विचारधारालाई आत्मसात् गर्दछ ? विगत १४ महिनामा दुईपटक त माओवादी नेतृत्वकै सरकारमा सहभागी भएको देख्दा पार्टी कतै दक्षिणपन्थी त होइन ? आर्थिक नीति के हो ? धर्मको सवालमा के सोच राखेको छ । नेपालको संविधान २०७२ को बारेमा के धारणा छ ? उनी व्यक्तिका विरोधी छन् कि व्यवस्थाका ? यदि व्यक्तिका विरोधी हुन् भन्ने उनले आरोप लगाएका भ्रष्टाचारीसित नै मिलेर सरकारमा किन बसे ? यदि उनी व्यवस्थाका विरोधी छन् भने उनले ल्याउन खोजेको शासन व्यवस्था कस्तो हुने हो ? यसको मार्गचित्र अहिलेसम्म किन प्रस्तुत गर्न सकेनन् ? वैचारिक र ऐतिहासिक आधार नभएका निश्चित समय अवधिको निश्चित मनोविज्ञानका आधारमा उदाएका दलले मतदाताको भावना र जनादेशलाई सम्मान गर्न सकेन भने त्यस्ता दलको पतन हुन पनि बेर लाग्दैन ।

रवि लामिछाने पहिलोपटक गृहमन्त्री बन्दाखेरि पनि प्रश्न उठेको थियो । आखिर राजनीतिमा व्याप्त विकृति हटाउन आएको पार्टी देशका पुराना राजनीतिक दलहरु नेकपा माओवादी केन्द्र र नेकपा एमालेसँग किन सामेल हुँदै छ ? गृह मन्त्रालय पाउन पार्टीले किन अडान लिएको हो र पायो पनि ? तर पनि रास्वपा पहिलोपटक सरकारमा सामेल हुँदा मतदाताले यस पार्टीलाई शङ्काको घेरामा हेरेका थिए । रवि लामिछाने गृहमन्त्री भएकै बखत जब उनको नागरिकताको प्रकरणले बढी चर्चा पायो तथा उनी एकैसाथ नेपाल र अमेरिका दुवै देशका नागरिकता र राहदानी बोकेका पाइए अनि प्रतिनिधिसभामा नेपाली कांग्रेसले यस विषयलाई चर्चामा ल्याउने काम गऱ्यो ।

बाध्य भएर उनले मन्त्रीको पदबाट राजीनामा गर्नुपऱ्यो । यति मात्र होइन, उनको सांसद पद र पार्टी अध्यक्षको पदसमेत हातबाट खुस्केको थियो । यो बेग्लै कुरा हो कि उपचुनावमा उनी पुन: चितवनबाट विजय भएर आए तर बौद्धिक वृत्तमा उनको छविमाथि प्रश्न उठ्ने काम भइरह्यो । एउटै सरकार, उही प्रधानमन्त्री, उही नीति र कार्यक्रम अनि विनाकारण त्यस सरकारलाई समर्थन गर्नु र त्यसमा सहभागी हुनुको कारण देखिएन । कहिले त्यही सरकारको चर्को विरोध गर्ने र पुन: त्यही सरकारमा सामेल हुने, कहिले सरकारप्रति आक्रामक हुने त कहिले सरकारसामु याचक बन्ने ? कहिले सरकारमा बस्ने त कहिले बाहिरिने ? यस्तो खाले अपरिपक्व गैरजिम्मेवार र अवैचारिक निर्णयले अन्तत: पार्टीलाई नै क्षति पुऱ्याउने हो ।

संसदीय व्यवस्थामा सरकारको पहिचान नै प्रधानमन्त्रीको नामबाट हुने गर्दछ । सरकारका सहयोगी मन्त्री र दलको भूमिका गौण हुन्छ । प्रमुख भूमिका सरकारको नेतृत्व गर्ने दलको हुने गर्दछ । प्रचण्ड सरकारबाट एक वर्षअघि रास्वपा र एमाले बाहिरिएको थियो र पुन: अहिले सरकारमै पुगेको छ । संसदीय लोकतन्त्रमा मन्त्री खराब र असलको हुनुको अर्थ हुँदैन । प्रधानमन्त्री नेतृत्वको सरकार असफल अथवा सफल हुने गर्दछ । प्रचण्ड सरकारमा रास्वपाको सहभागिताले सरकारको नीति, योजना, कार्यक्रम र कार्यशैलीमा परिवर्तन आउने होइन । रास्वपालाई सरकारमा जानु थियो, पार्टी सरकार मा गएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशनअनुसार नै रास्वपाका मन्त्रीहरुले पनि काम गर्नुपर्नेछ ।

रवि लामिछाने सरकारमा सहभागी हुनुभन्दा अघि उनले सहकारी बैंकसित अनावश्यक लाभ लिएको विषय चर्चामा थियो । यद्यपि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि यस विषयलाई खासै महत्वपूर्ण मानेका छैनन् । तर यो विषय ढिलो-चाँडो पुन: चर्चामा आउने निश्चित नै छ । रास्वपा दोस्रोपटक सरकारमा सहभागी भएपछि यसका समर्थकहरु पनि दु:खी, निराश र चिन्तित छन् । राजनीतिप्रतिको घृणा र निराशामा झन् वृद्धि नै हुनेछ । चारैतिर विश्वासको संकट देखिन्छ । नेपाली जनताले कसलाई र किन विश्वास गर्ने ? भन्ने यक्षप्रश्न उब्जिएको छ ।

राजनीतिक सिद्धान्त, संगठन, पृष्ठभूमि सहितको नेतृत्व, वैकल्पिक नीति र कार्यक्रमविना कुनै राजनीतिक संगठनले जनताको तत्कालीन आक्रोशलाई एकत्रित गरेर आन्दोलनको आँधीबेहरी पनि खडा गर्न सक्छ, स्थापित राजनीतिक शक्तिको प्रभावलाई पनि केही समयका लागि कमजोर बनाउन सक्छ, एक-दुईवटा चुनावमा राम्रो प्रदर्शन पनि गर्न सक्छ तर त्यसको दीर्घकालीन असर हुँदैन ।

उल्कापातझैं चकिम्एर आउनेहरु उल्कापातझैं विलीन हुन पनि समय लाग्दैन । भ्रष्टाचार विरोधी नाराको जगमा मात्रै कुनै राजनीतिक दल लामो समयसम्म टिकाउ रहन सक्दैन । राष्ट्रिय स्वतन्त्र पार्टीको पनि सैद्धान्तिक अडान देखिएन, केवल सत्ताको राजनीति मात्रै अभिष्ट लक्ष्य देखिएको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# युवाको राजनीति र नेपाल

सुजन सुवेदी

'युवा' शब्दले १५ वर्षदेखि ३५ वर्षसम्मको उमेरको व्यक्तिलाई जनाउँछ । युवालाई समाजमा राजनीतिक दृष्टिकोणबाट उत्साही, नवीन र निर्धारितरूपमा सक्रिय भनेर पनि परिभाषित गर्न सकिन्छ । युवाले भविष्यको नेतृत्व, आदर्श, र समाजको परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्छन् । युवाको राजनीति आजकल विशेष महत्त्वपूर्ण हुन पुगेको छ । यसको कारण युवा विभिन्न समस्यामा सजिलै परिचित हुने, राष्ट्रिय र सांस्कृतिक विषयमा सक्रिय सहभागी हुने र नयाँ विचार एवं उद्देश्यहरूलाई सामाजिक परि वर्तनमा ल्याउने जमर्को गर्ने हुनु नै हो ।

विश्वको इतिहासमा पनि युवाको राजनीतिक सक्रियता र भूमिका महत्त्वपूर्ण रहेको छ । ऐतिहासिक घटनाहरूमा युवाको उत्साह, आवाज र प्रेरणात्मक भूमिका देखिएको छ । उदाहरणका रूपमा युवाले फ्रान्सको जनक्रान्ति, अमेरिकाको स्वतन्त्रता संग्राम, भारतको स्वतन्त्रता आन्दोलन, चीनको ग्रेट कलर रेभल्युन, रुसको बोल्सेभिक क्रान्ति, जर्मनीको बर्लिन पर्खाल ढाल्ने आन्दोलन, तथा अरब संघर्षका अनेकौं उदाहरण देख्न सकिन्छ । विश्व इतिहासलाई सिंहावलोकन गर्दै नेपालको गौरवमय इतिहासको पाना पल्टायौं भने पनि विसं. १९९७ को राणाविरोधी आन्दोलनमा गंगालालहरूको भूमिकादेखि यता वि.सं. २००७, वि.सं. २०१४, वि.सं. २०३६, वि.सं. २०४६ को जनआन्दोलन, वि.सं. २०५२ देखि संचालित सशस्त्र विद्रोह र मुख्यत: वि.सं. २०६२/६३ को जनआन्दोलनमा युवाको योगदान अतुलनीय थियो ।

इतिहासका यस्ता कठिन मोडमा समेत विचलित नभईकन राष्ट्र निर्माणको महाअभियानमा समर्पित बन्न चाहने शक्ति र सामार्थ्यका धनी नेपाली युवा आज बेरोजगारीको पीडासँगै विदेशको बाटो लाग्न विवश छन् ।

**आजको परिस्थिति र युवा राजनीति**

अहिले नेपालमा युवाले राजनितिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्ने अवस्था छ । तिनले नयाँ दृष्टिकोण, नयाँ विचार र सक्रियता ल्याउने चेष्टा पनि गरेका छन् । देशले नयाँ संविधान पाए पनि सबैले अपनत्व महसुस गर्न सकेनन् । वर्षौंदेखिको उही पुरानो संसदीय व्यवस्थाभित्र सरकार अदलबदल, पार्टी टुटफुटका शृंखला चलिरह्यो । राजनीतिक अस्थिरता चर मोत्कर्षमा पुग्यो । अवस्था उही रहेन । नेकपालाई जनताले ५ वर्षको म्यान्डेड दिएर पठाए । झन्डै दुईतिहाइको बलशाली सरकार केपी ओलीको नेतृत्वमा निर्माण भयो ।

नेपाली जनताको आशावादी भए । तर ओली सरकारले सम्झनालायक कुनै काम गर्न सकेन । युवा भनेको देशको अनमोल, अनन्त शक्ति हो । देशको भविष्यको सबैभन्दा ठूलो पुँजी हो । युवा वर्गको विशिष्ट शक्तिलाई राष्ट्र निर्माणमा समेट्नु आजको आवश्यकता हो ।

युवा नेतृत्वको कुरा गर्दा हाम्रो समाज अनि सामाजिक संस्थाहरूले युवा राजनीतिलाई कसरी लिन्छन् भन्ने अर्को महत्वपूर्ण विषय हो । हामीकहाँ राजनीतिमा लाग्ने युवा नेतृत्वलाई हेर्ने दृष्टिकोण सकारात्मक छैन । सक्षम युवा नेतृत्वको खोजी गर्दा आफ्ना छोरा वा भाइभतिज भने सकेसम्म राजनीतिबाट टाढै बसुन् भन्ने ठानिन्छ । हाइस्कुलसम्मको पढाइमा राजनीतिमा लाग्नुलाई नकारात्मकरूपमा चित्रण गरिन्छ । विश्वविद्यालयमा राजनीति भनेकै आन्दोलन हो भन्ने सिकाइएको हुन्छ । अनि परिकल्पना भने सक्षम युवा राजनीतिक नेतृत्वकै रहिरहन्छ ।

देशमा युवा नेतृत्वको आवश्यकता बोध न राज्यले गरेको छ न समयसमयमा युवालाई प्रयोग गरेर माथि उठेका राजनीतिक नेतृत्व वा नागरिक समाजले नै । न त हाम्रा विश्वविद्यालय र हाम्रो सामाजिक संरचनाले नै । हामीले अहिले भोगेको युवा नेतृत्वको संकटको मूल जरो यही नै हो । नेपालले छोटो समयमा थुप्रै राजनीतिक व्यवस्था परिवर्तन गरे पनि राजनीतिमा असल लोकतान्त्रिक संस्कारको जग बस्न नसक्नुको कारण पनि यही हो । नेपाली युवालाई राजनीतिक क्षेत्रमा आउनु बाध्यता कि रहर भन्ने सन्दर्भमा बढ्दो भ्रष्टाचार, गैरजिम्मेवारी, अपराध खस्किदो शैक्षिक स्तर, नैतिकहीनता आदिले गर्दा युवामा राजनीति प्रति रुची बढ्नु सामान्य नै हो । अहिलेको समयमा नेपाली युवाले राजनीतिमा ध्यान दिनुपर्ने कुरामध्ये केही यस प्रकार छन् :

१. नैतिकता र मूल्य - युवाले राजनीतीमा प्रवेश गर्दा नैतिकता, इमानदारी र दयाको मूल्यलाई ध्यानमा राख्नुपर्छ । यो र ाजनीतिक क्षेत्रमा स्वयंसेवी, नैतिक र दयालु नेतृत्व प्रदान गर्न सहायक हुनेछ ।

२. शिक्षा र जागरुकता - युवाले राजनीतिक प्रक्रिया र नीति निर्माणमा सहभागी हुन अध्ययन गर्ने, जागरुक हुने र विवेकपूर्ण निर्णय गर्नु आवश्यक छ ।

वि.सं ०६२/६३ पछि नेपालमा युवा नेतृत्वको पुस्तान्तरण भएन । स्थापित युवा नेतृत्वले आफू पछि आउने पुस्तालाई मार्गनिर्देश गर्न चुक्यो र त्यो सिलसिला आजसम्म पनि जारी छ । वर्तमान अझ भनौ २०७९ को निर्वाचन र त्यसपछिको परिवेशलाई हेर्दा स्थानीय र संघीय चुनावमा युवाको चासो धेरै नै बढेको छ । यससँगै बालेनले सामाजिक सञ्जालमा राखेको विचारले उनको चुनावी वातावरणलाई तताउन ठूलो सहयोग गरेको र काठमाडौंका मतदाताको मन जित्न प्रमुख भूमिका खेलेको देख्न सकिन्छ । अर्को धरानका हर्क साम्पाङलाई पनि यसरी नै लिन सकिन्छ ।

काठमाडौंका गैरकानुनी संरचनालाई भत्काउने वा धरानमा खानेपानी आपूर्तिका लागि ढुङ्गा बोक्ने उदाहरणीय कार्यको प्रदर्शन गरेर बालेन-हर्कले लामो समयदेखि निराश र राजनीतिकरूपमा सत्ताबाट विमुख युवाका लागि प्रेरणादायी बनेका छन् । बालेन-हर्कले आगामी चुनावमा स्वतन्त्ररूपमा लड्न नेपाल भरका युवालाई प्रेरित गरेको देखिन्छ ।

**स्वतन्त्र राजनीतिका चुनौतीहरू**

आगामी निर्वाचनमा वा समग्र नेपाली राजनीतिक दलको राजनीतिमा बालेन-हर्क प्रभावले स्वतन्त्र उमेदवारीका रूपमा उत्पन्न हुने चुनौतीहरूलाई संक्षिप्तमा तीन किसिमले लिन सकिन्छ । पहिलो चुनौती आगामी संसदीय निर्वाचनमा कति स्वतन्त्र उमेदवार निर्वाचित हुने सम्भवना छ ? निर्वाचन आयोगका अनुसार गत स्थानीय तहको निर्वाचनमा ३८५ स्वतन्त्र उमेदवार विजयी भएका थिए । तीमध्ये ७ जना मेयर र ६ गाउँपालिकाका अध्यक्ष गरी कुल १३ जना स्वतन्त्र उमेदवार निर्वाचित भएका छन् । वडाध्यक्षमा स्वतन्त्र उमेदवारका रूपमा १३६ जना विजयी भएका छन् । त्यसैगरी उपमेयरमा २ स्वतन्त्र उमेदवार र २ उपाध्यक्षमा निर्वाचित भएका छन् । जम्मा २९३ नगरपालिका (महानगर सहित) र ४६० गाउँपालिका गरी ७५३ सिटमा कुल १३ वा लगभग २ प्रतिशतमात्र मेयर वा अध्यक्ष पदमा स्वतन्त्र उमेदवारहरूले जितेका छन् ।

स्वतन्त्र उमेदवारमध्ये पनि काठमाडौं र धरानका मेयरहरूबाहेक अरू धेरैले आफ्नो राजनीतिक दलबाट पन्छिएर वा उनीहरूको राजनीतिक दलहरूले उमेदवारीबाट वञ्चित गरेकोमा स्थानीय चुनाव लडेका थिए ।

हालसम्म काठमाडौं जिल्लाका सबै निर्वाचन क्षेत्रहरूमा स्वतन्त्र उमेदवार र अन्य धेरै जिल्लामा पनि स्वतन्त्र उमेदवारहरू निर्वाचनमा उठ्ने जानकारी सञ्चारमाध्यमहरूले दिँदैआएका छन् । तर यी स्वतन्त्र उमेदवार हरूमध्ये धेरै राजनीतिक दलहरूबाट पन्छिएका वा विद्रोही हुनेछन् वा उनीहरू आबद्ध राजनीतिक दलले उमेदवारी नदिएका कारण उमेदवार हुनेछन् ।

दोस्रो चुनौती बालेन हर्कको प्रभावले धेरै स्वतन्त्र उमेदवारहरूलाई आगामी आमनिर्वाचनमा लड्न प्रेरित गरेको भए पनि गठबन्धन राजनीति र निर्वाचनमा गत स्थानीय निर्वाचनबाट राजनीतिक दलहरूको व्यापकता र सिकाइका कारण यो चुनौतीपूर्ण हुनेछ । राजनीतिक दलहरूको गठबन्धन मतदानको शक्ति भत्काउन र पराजित गर्न स्वतन्त्र उमेदवारहरूलाई ठूलो चुनौती हुनेछ ।

तेस्रो, आगामी निर्वाचनमा अपेक्षाकृत धेरै स्वतन्त्र उमेदवार निर्वाचित भइहाले पनि संसद्मा राजनीतिक दलहरूको तुलनामा उनीहरू अल्पमतमा नै रहनेछन् । संसद्मा तिनको उपस्थितिलाई ठूला राजनीतिक दलले बिरलै महसुस गर्नेछन् । अर्थात् त्यसमा खासै ध्यान दिनेछैनन् । थोरै संख्याका स्वतन्त्र उमेदवारहरूले कानुन पारित गर्न संसदीय मतदान वा निर्णयलाई प्रभाव पार्न सक्नेछैनन् । उनीहरूको भूमिका संसद्मा प्रभावशाली राजनीतिक दलको मतदान र निर्णयलाई समर्थन गर्ने वा नगर्नेमा मात्र सीमित रहनेछ ।

**के विकल्पहरू छन् ?**

लामो समयदेखि प्रभावशाली राजनीतिक दलहरूको विस्तारलाई ध्यानमा र ाखी ऊनीहरूको प्रभुत्व कसरी परिवर्तन गर्न सकिन्छ भनेर हेर्दा धेरै विकल्पहरू देखिँदैन । साथै, विकल्प भनिएका नयाँ राजनीतिक दलहरूबाट पनि धेरै आश गर्न सकिँदैन । ऊनीहरू आफ्नै आन्तरिक राजनीति र व्यक्तिगत राजनीतिक अवसरमा अलमलिएका छन् । विद्यमान ठूला राष्ट्रिय राजनीतिक दलहरू - नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) हरूको सुधारको कल्पना गर्नु नै निरर्थक हो ।

यस्तै केही स्वतन्त्र राजनीतिक व्यक्तित्वहरू र इमानदार, प्रतिबद्ध र स्वच्छ दृष्टिकोण भएका नयाँ राजनीतिक दलहरू एकजुट भए स्थापित दलहरूको गठबन्धनको वर्चस्वको विरुद्धमा एउटा वैकल्पिक शक्ति निर्माण हुन सक्छ । तर, पनि नयाँ र स्वतन्त्र दलहरूको शक्तिलाई चुनाव जित्न र राष्ट्रिय स्तरमा शासन सञ्चालन गर्न लामो समय लाग्न सक्छ र कठिन काम हुन सक्छ । एउटा उदाहरण छिमेकी भारतको अरविन्द केजरीवालको आम आदमी पार्टी हो जुन २०१४ देखि दिल्लीमा प्रदेश सर कारमा सत्तामा छ ।

तर, भारतको राष्ट्रिय स्तरको राजनीति, चुनाव र शासनसम्म आम आदमी पार्टी विगत आठ वर्षको स्थापना कालमा त्यति प्रभावशाली हुनसकेको छैन । युवा देशको अनमोल शक्ति हो । भविष्यको सबैभन्दा ठूलो पुँजी हो । युवा वर्गको विशिष्ट शक्तिलाई राष्ट्र निर्माणको सन्दर्भमा समेट्नु आजको आवश्यकता हो । तसर्थ जे भयो, भयो । अब विगतको चिन्ता होइन, भविष्यको चिन्तन गर्नुपर्छ ।

राजनीति फोहोरी खेल हो भन्दै पन्छिने होइन फोहोर पोखरीमै पसेर सफा गरेर निस्कने आँट गर्नुपर्छ । पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मको विशाल सेरोफेरोमा फैलिएको नेपाली भूगोलको सुन्दर, सभ्य, समुन्नत एवं विकसित मार्गचित्र तयार गरी देशका विकट बस्तीमा बसोबास गर्ने नागरिकको दु:ख र व्यथालाई समेट्न सक्नुपर्छ ।

मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक विकास निर्माणलगायत हर क्षेत्रमा नेतृत्वदायी र हस्तक्षेपकारी भूमिका खेल्नुपर्छ ।

*(साभार: बाह्रखरी)*

# श्रम सम्झौता पुनरावलोकन गर्न सधैं तर्किन्छ कतार

काठमाडौं/श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले मंगलबार नेपालका लागि कतारका राजदूत मिसाल बिन मोहम्मद अली अल अन्सारीसँग भेटमा तुरुन्तै द्विपक्षीय श्रम सम्झौता पुनरावलोकन गर्न आग्रह गरे । कतारी अमिर तमिम बिन हमाद अल थानीले गर्न लागेको नेपाल भ्रमणको समयमै सम्झौता पुनरावलोकन गर्ने गरी सहमति जनाउन मन्त्रीले गरेको आग्रहमा कतारी पक्षले स्पष्ट जवाफ दिएन ।



नेपालले २०७५ देखि नै पटक-पटक कतारसँग २००५मै भएको श्रम सम्झौतालाई समय सान्दर्भिक बनाउन पुनरावलोकनका लागि आग्रह गर्दै आएको छ । सन् २०२२मा विश्व कप हुनुअघि नै श्रम समझौता पुनारावलोकन गर्ने नेपालको प्रयास सफल भएन ।

यही सन्दर्भमा कतारी अमिर नेपाल आउने भएपछि नेपाली पक्षले यही अवसरमा श्रम सम्झौता पुनरावलोकन गर्न कतारी पक्षलाई मनाउने प्रयास गरिररहेको छ । तर, श्रम मन्त्रालयका अधिकारीहरु प्रक्रिया अघि बढेपनि नतिजा हात लाग्नेमा आशावादी छैनन् ।

मंगलबार पनि श्रममन्त्री अर्यालले पनि श्रम सम्झौता पुनरावलोकन गर्ने विषयमा कतारी राजदूत अन्सारीसँग छलफल गरे । श्रम मन्त्रालयका प्रवक्ता गोबिन्दप्रसाद रिजालका अनुसार भेटवार्तामा सन् नोभेम्बर २००५ मा हस्ताक्षर भएको द्विपक्षीय श्रम सम्झौतालाई पुनरावलोकन गर्ने एवम् कतारका अमिरको प्रस्तावित नेपाल भ्रमणको क्रममा थप श्रम समझदारी गरी कतारमा नेपाली श्रमिकहरुको हित र सहजीकरणमा योगदान पुऱ्याउने सम्बन्धमा समेत छलफल भएको छ । 'मन्त्रीज्यूले कतारमा रहेका नेपाली श्रमिकहरुले पाएका अवसरको लागि धन्यवाद व्यक्त गर्दै कतारमा नेपाली श्रमिकहरुलाई सहजीकरण र कतारी नागरिकसरह सेवा सुविधा उपलब्ध गराउन आग्रह गर्नुभयो,' रिजालले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयका अनुसार राजदूत अन्सारीले कतारको विकासमा नेपाली श्रमिकहरुको योगदानको उच्च कदर गर्दै धन्यवाद दिएका थिए । हाल कतारमा करिब ५ लाखको संख्यामा नेपाली कामदार रहेको र कतारमा काम गर्ने विदेशी नागरिकको रुपमा दोस्रो स्थानमा नेपाली नागरिक रहेकोबारे राजदूत अन्सारीले जानकारी दिएका थिए । मन्त्री अर्यालले नेपाली श्रमिकको सीप र दक्षतालाई विकास गर्न तालिम केन्द्रको स्थापना सम्बन्धी प्रस्ताव दोहोऱ्याएका थिए भने राजदूत अन्सारीले कतार सरकार सो विषयमा सकारात्मक रहेको बताएका थिए ।

चालु आर्थिक वर्षको ८ महिना अर्थात् (साउनदेखि फागुनसम्म) मा ९१ हजार १२४ नेपाली कामका लागि कतारमा पुगेका छन् । यस्ता श्रमिकको हित रक्षा सुनिश्चित गर्न कतार सरकार नेपालको प्रस्ताव अनुसार सहमत भएको छैन ।

गत २८ माघमा आबुधाबी डायलगमा सहभागी हुन पुगेका नेपाल र कतारका श्रम अधिकार बीच भएको भेटवार्तामा पनि कतारी अमिर तमिम बिन हमाद अल थानीको नेपाल भ्रमणको समयमा हस्ताक्षर हुने गरी श्रम समझदारी पत्र तयार गर्ने सहमति भएको थियो । पुरानो सम्झौतालाई पुनरावलोकन गर्न दुवै देशले अनलाइनमार्फत छलफल अघि बढाउने निर्णय पनि भएको थियो ।

तर, योबीचमा पनि नमिलेका विषयहरुमा ठोस सहमत बन्न सकेको छैन । कतार विगतमाजस्तै अहिले पनि नेपालको प्रस्तावमा तर्किरहेको अधिकारीहरूको गुनासो छ । नेपाल र कतारले नयाँ समझदारीको मस्यौदा पटक-पटक आदान-प्रदान गरिसकेका छन् । तर, कतारी पक्षले आश्वासन मात्रै दिएर टार्ने क्रम बढेपछि पछिल्ला वर्षहरुमा प्राविधिक समितिहरूको बैठक नै नबसेपछि छलफल पनि सेलाएको थियो ।

**सधैं घरेलु श्रमिककै चासो**

कतारसँग सन् २००५मा भएको द्विपक्षीय श्रम सम्झौता विस्थापित गर्दै सीप साझेदारीसहित श्रमिकहरुको हकहित सुरक्षाका विषयवस्तु राखेर श्रम समझदारी गर्ने नेपालको प्रयास नयाँ हैन । नेपालले रोजगारीका लागि गएका आफ्ना नागरिक आर्थिक, शारीरिक तथा मानसिक शोषणमा परेको भन्दै पटक-पटक ध्यानाकर्षण गराउँदै आएको छ । 'स्वच्छ भर्ना प्रणाली' सहित सामाजिक सुरक्षा, कार्य घण्टा, बीमा, पेशागत स्वास्थ्य सुरक्षा लगायतका विषयहरु नेपालको मुख्य चासो हुन् । श्रम सम्झौता नवीकरण नभएका कारण नेपाली श्रमिकले अनेक समस्या व्यहोर्नुपरे पनि श्रम गन्तव्यमा नेपालले कतारको भरपर्दो विकल्प पनि पाएको छैन ।

तर, नेपाली श्रमिकले पाउनुपर्ने अधिकार र कानुनी सुविधाप्रति कतार सधैं उदाशीन छ । कतारी पक्षले श्रम सम्झौताभन्दा बढी घरेलु कामदार (विशेषगरी महिला घरेलु श्रमिक) लैजाने व्यवस्था गर्न नेपालसँग चासो व्यक्त गर्दै आएको छ ।

घरेलु श्रमिकका निम्ती पर्यात सुरक्षाका व्यवस्थाहरु गरिएको हुँदा भाषा र सीप सिकाएर पठाउने व्यवस्था गर्न पटक-पटक कतारी पक्षले माग गर्दै आएको छ । संसदीय समितिलेको निर्देशन पनि सरकारले नेपालीलाई घरेलु श्रमिकका रुपमा श्रम स्वीकृति दिन रोकेको लामो समय भइसकेको छ ।

२४ साउन २०६९ मा सरकारले ३० वर्ष मुनिका महिला कामदार खाडी मुलुक पठाउन रोक लगाएदेखि नै कतार नेपालसँगको श्रम वार्तामा सहजसँग प्रस्तुत भएको छैन । खाडी मुलुकहरुको दबाबपछि साउदीसहित अन्य खाडी मुलुकको दबाबका कारण असार २०७२ मा सरकारले २४ वर्ष पुगेका नेपाली महिला वैदेशिक रोजगारीमा जान सक्ने गरी वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका-२०७२ जारी गरेको थियो ।

२० चैत्र २०७३ मा संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले श्रम सम्झौता नभएका देशमा नेपाली महिलालाई घरेलु श्रमिक नपठाउन सरकारलाई निर्देशन दिएपछि कतारले श्रम वार्ताहरुमा मुख्य रुपमा यो निर्णय फिर्ता लिन आग्रह गर्दै आएको छ । यसले कतार श्रम समझदारी पुनरावलोकनमा रूचि नराखिरहेको स्पष्ट गर्छ ।

**असान्दर्भिक भइसक्यो सम्झौता**

सन् २००५मा भएको सम्झौता असान्दर्भिक बनिसकेको र श्रमिक अधिकारका क्षेत्रमा स्थापित नयाँ मान्यता यसले बोक्न नसकेको वैदेशिक रोजगारका विज्ञहरु बताउँछन् । वैदेशिक रोजगार मामिलाका जानकार मधुविलास पण्डितको भनाइमा कतारसहितका सबै मुलुकसँग नयाँ परिवेश अनुकुलको श्रम समझदारी गरेर सरकारले त्यसको कार्यान्वयनमा दृढता देखाउनु पर्छ । वर्षौंदेखि समझदारीको मस्यौदा आदान-प्रदान भइरहेका कतारजस्ता मुलुकसँग प्रभावकारी किसिमको सम्झौताको निम्ति पहल र दबाव सिर्जना गर्नुपर्ने उनको भनाइ छ ।

पण्डित श्रमिक माग, भर्ना, आपूर्ति प्रक्रिया र हित सुरक्षा जस्ता पक्षबारे सबैश्रम गन्तब्य मुलुकसँग समझदारी गर्ने र समयसापेक्ष पुनारावलोकन गर्ने काम अत्यावश्यक रहेको पण्डित बताउँछन् । त्यसो हुन नसक्दा त्यसको मार श्रमिकले भोगिरहेको उनको भनाइ छ ।

'विदेशमा श्रमिकहरुले अनेकन सास्ती भोग्नु परेको छ,' उनी भन्छन्, 'मानव तस्करहरुले श्रमिकलाई ठग्ने र अलपत्र पार्ने गरेका छन्, अन्याय हुँदा न्याय माग्न जाने ठाउँ समेत श्रमिकले पाएका छैनन् ।' तर, कतार श्रम सम्झौता पुनरावलोकनका लागि नेपालले उठाएका धेरै समय सान्दर्भिक मुद्दाहरुमा राजी भएको छैन ।

२०७५को फागुनको अन्तिम साता कतारसँग वार्ता गर्न सहसचिवस्तरको टोली श्रम सम्झौताबारे छलफल गर्न कतार पुगेको थियो । वार्तामा नेपालले न्यूनतम तलब बढनुपर्ने, श्रमिक आपूर्तिका सबै प्रक्रियाका शुल्क रोजगारदाताले व्यहोर्नुपर्ने, २४ घण्टे बीमाको व्यवस्था गर्नुपर्ने, बिदालगायतका सुविधालाई सहज गर्नुपर्ने, तलब भुक्तानी समयमै बैंकिङ प्रणालीबाट गर्ने र कामदारको बसोबास तथा सुरक्षाको उचित प्रबन्ध हुनुपर्नेलगायतका अडान राखेको थियो ।

तर, कतारले त्यतिबेलै नेपालमाथि भिसा सेन्टर तुरुन्तै खोल्न दिन कूटनीतिक दबाव थोपरेको थियो । दबावमा परेको श्रम मन्त्रालयले त्यससम्बन्धी निर्णय गर्ने अधिकार परराष्ट्र मन्त्रालय नै भएको भन्दै पन्छिएको थियो । त्यसलगत्तै परराष्ट्रबाट अनुमति लिएर काठमाडौंमा कतारले भिसा सेन्टर खोल्यो । आफ्नो स्वार्थ पूरा भएपछि कतारले श्रम समझदारीको संवाद पनि लगभग बन्द गरेको श्रम मन्त्रालयका अधिकारीहरु स्मरण गर्छन् ।

काठमाडौंमा मंसिर २०७८ भएको नेपाल-कतार संयुक्त समितिको चौंथो बैठकमा श्रम सम्झौता पुनरावलोकन गर्ने लगायतका बिषयमा सहमति भएको थियो । तर, त्यसपछि पनि कतारले सम्झौता पुनरावलोकनमा खासै चासो दिएन ।

**समस्यामा श्रमिक**

कतार सम्झौता पुनरावलोकनबाट भागे पनि श्रमिकहरू समस्याको चपेटामा परि रहेकै छन् ।कतार नेपाली श्रमिक धेरै पीडित हुनुपरेको श्रम गन्तव्यमा अग्रस्थानमा पर्छ । विभिन्न मानवअधिकारवादी संस्थाहरुको प्रतिवेदन अनुसार कतारमा कैयौं विदेशी कामदारहरूले विनातलब काम गरिरहेका छन् । उनीहरूको हितका लागि सघाउन भनेर स्थापना गरिएको नयाँ संयन्त्रले समेत राम्रोसँग काम गर्न सकेका छैनन् । कतिपय कामदार महिनौं काम गरेपछि तलबविना नै घर फर्किनुपर्ने अवस्था विद्यमान छ ।

घरेलु श्रमिकको हितका लागि सरकारी सेल्टर स्थापना गर्न, श्रमिकको २४ घण्टे बिमा सुनिश्चित गर्न र कतार पुग्नेबित्तिकै हेल्थ कार्ड पाउने लगायतका व्यवस्था गर्न व्यवसायीले पनि माग गर्दै आएका छन् । कतारले सन् २०१७ नोभेम्बरमा अन्तर्राष्ट्रिय श्रम संगठनसँग एउटा सम्झौतामा हस्ताक्षर गरेको थियो । त्यसपछि उसले कामदारको अवस्था सुधार गर्न नयाँ कानूनहरू पारित नगरेको पनि होइन । विदेशी कामदारले देश छाड्न वा रोजगार दाता परिवर्तन गर्न अनुमति चाहिने व्यवस्था अन्त्य गरिएको थियो ।

तर पनि नेपालजस्ता कामदार आपूर्तिकर्ता मुलुकसँग कतारले बदलिएको श्रम कानूनअनुरूप श्रम समझदारी पुनरावलोकन नगर्दा कामदारले कष्ट भोगिरहेका छन् । परराष्ट्र मन्त्रालय र कतारस्थित नेपाली दूतावासको कमजोर पहलकदमीका कारण पनि कतारसँग श्रम सम्झौता पुनरावलोकन हुन नसकेको श्रम मन्त्रालयका अधिकारीहरु बताउँछन् । कतिपय विषयमा कतारले यहाँ आफ्नो हितलाई माथि राखेर काम गर्न खोज्दा श्रम सम्झौताको नेगोसिएसन टुंग्याउन कूटनीति प्रयोग नभएको उनीहरुको दाबी छ । कतारलाई दबाब पर्ने गरी पटक-पटक फलोअप, छलफल र अन्तरक्रिया पनि नभएको श्रम अधिकारीहरु स्वीकार्छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी श्रम कूटनीति साह्रै कमजोर हुँदा साउदी अरेबियासहित थुप्रै देशसँग श्रम समझदारी हुन र पुरानाको समझदारीहरुको पुनरावलोकन हुन नसकेको बताउँछन् । 'श्रमिक आपूर्ति प्रक्रियालाई स्वच्छ, पारदर्शी, झञ्झटरहित बनाउने र विदेशमा कार्यरत श्रमिकको हितलाई केन्द्रमा राखेर श्रम समझदारी हुनुपर्छ', उनले भने, 'मुख्य गन्तब्य मुलुकसँग नै श्रम समझदारी गर्न नसक्दा सरकारको क्षमतामाथि प्रश्न उठ्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# अशोक दर्जीलाई लिएर फिल्म बनाउँदै टंक

काठमाडौं/गायक तथा संगीतकार टंक बुढाथोकीको करिअरको 'टर्निङ पोइन्ट' मानिन्छ, 'मनबिनाको धन ठूलो कि धनबिनाको मन' गीत । ६ वर्ष अगाडि रिलिज भएको यो गीतले ठूलो ख्याति कमाएको थियो । अब यही गीतको नाममाथि टंकले फिल्म बनाउने भएका छन् । बुधबार लेखक शिवम् अधिकारीले उनलाई स्क्रिप्ट हस्तान्तरण गरे । बर्खायाम (असार) अगाडि नै छायांकनको तयारी गरिएको छ ।



फिल्मलाई टंक आफैंले निर्देशनको योजना बनाएका छन् । उनले संचारकर्मीसँगको कुराकानीमा भने, 'अहिलेलाई कसले निर्देशन गर्ने भन्ने निश्चित भएको छैन । हामीसँग मिल्ने कोही आउनुभयो भने निर्देशनमा जोडिन सक्नुहुनेछ । नभए मेरो आफ्नै अनुभवलाई निर्देशनमा उतार्ने योजना बनाएको छु ।' 'मनबिनाको धन ठूलो कि...' गीतको भिडियोलाई पनि उनी आफैंले निर्देशन गरेका थिए ।

उक्त गीतमा टंक र अशोक दर्जीको गायन थियो । अशोकको यो पहिलो गीत समेत हो । त्यसबेला उनी सानै थिए । अहिले हर्लक्क बढेका छन् । यसैले फिल्ममा अशोकलाई नै खेलाउने तयारीमा टंक छन् । उनले भने, 'फिल्ममा अशोक त अवश्य हुन्छ । मुख्य पात्रमध्ये ऊ पनि एक हो ।' निम्न वर्गीय परिवारमा जन्मिएका अशोक जब चर्चामा आए, त्यसबेला देखि उनी टंककै संरक्षणमा छन् ।

लामो समयदेखि आफूमाथि लागेको विभिन्न आरोपको उत्तर पनि फिल्मले दिने उनको भनाई छ । 'मैले देखाउनुपर्ने र भोगेका कयौं कुराहरु छन् । केही आरोपहरु मैले अहिलेसम्म पनि खेपिरहेको छु । त्यो आरोपको उत्तर पनि फिल्ममा आउनेछ । त्यही हिसाबले म अगाडि बढिरहेको छु,' उनी सुनिए । यो फिल्म निर्माणमा टंकलाई लण्डन निवासी एनआरएन विनय अधिकारीले साथ दिनेछन् ।

# दयाहाङ र मिरुनाको 'मनसरा' ट्रेलरमा के छ ?

काठमाडौं/पहिलो फिल्म 'जारी'बाटै ठूलो व्यावसायिक सफलता हासिल गरेका निर्देशक उपेन्द्र सुब्बाको दोस्रो फिल्म 'मनसरा'को ट्रेलर सार्वजनिक गरिएको छ । बुधबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक साढे ४ मिनेट लम्बाईको ट्रेलरले सहर नजिककै एक बस्तीमा बस्ने दुई अलग समुदायका पात्रको कथालाई पेश गरेको छ । विवाहित ब्राह्मण पुरुष र लिम्बू महिलाबीचको नोकझोंक र आकर्षणमा ट्रेलर केन्द्रित छ ।




ट्रेलरको सुरुवात र अन्त्य पालाम (लिम्बू गीत)बाट गरिएको छ, जहाँ अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरबीचको प्रेमालाप छ । यसले उनीहरु श्रीमान्-श्रीमतीको भूमिकामा रहेको बुझाउँछ । तर, ट्रेलरको अरु दृश्यमा मिरुनालाई एक बस्तीमा छोराको साथमा सुँगुर पालेर गुजरा चलाइरहेकी देखिन्छ । उनीप्रति प्रवीण खतिवडा आकर्षित हुन्छन्, जो दूध बेच्ने गर्छन् । उनको श्रीमतीको भूमिकामा मेनुका प्रधान छिन् । उनको लवज नेवारी सुनिन्छ ।

मिरुनाप्रति प्रवीण आकर्षित भएपछि घरझगडा बढ्छ । मेनुका माइत लाग्छिन् । त्यसपछि मिरुनाको छोरासँग प्रवीणको निकटता र उनीप्रति मिरुनाको आकर्षणलाई ट्रेलरमा देखाइएको छ । एक दृश्यमा दयाहाङ सहरका पोलमा मिरुना हराएको सूचना टाँस्दै हिँडेका देखिन्छन् । र, अन्तिम दृश्यतिर कसैलाई बोलाउँदै उनी सडकमा दौडिरहेका छन् । समग्रमा ट्रेलरले अन्तरजातीय सम्बन्धको कथालाई भन्न खोजेको देखिन्छ ।

निर्देशक सुब्बा स्वयंको लेखन रहेको फिल्ममा शान्ति गिरी, हेमन्त बुढाथोकी, विप्लव प्रतीक (कवि), जीवन बराल, अनिल सुब्बा, लोकमणी सापकोटा लगायतको पनि अभिनय छ । फिल्मका निर्माता शैलेन्द्र ध्वज कार्की हुन् भने छायाँकार पनि उनी नै हुन् । सिजन दाहाल कार्यकारी निर्माता रहेको फिल्ममा विष्ण कुमार थेबे, पर्शु अधिकारी र जीवन लिम्बू थाक्लुङ सह-निर्माताMा छन् । यही बैशाख २१ गतेबाट फिल्म प्रदर्शनमा आउने तयारीमा छ ।

# 'ह्रस्व दीर्घ' पोस्टरमा हरिहरको दुई रुप

काठमाडौं/चन्द्र पन्तको निर्देशनमा बनेको फिल्म 'ह्रस्व दीर्घ'मा मुख्य भूमिकामा अभिनय गरेका अभिनेता तथा ज्योतिष हरिहर अधिकारीको क्यारेक्टर लुक्स सार्वजनिक गरिएको छ । बुधबार उनको जन्मदिनको अवसर पारेर सार्वजनिक पोस्टरमा उनी दुई फरक लुक्समा चित्रित छन् । एउटामा उनी निधारमा चन्दन लगाएर प्रस्तुत छन् भने अर्कोमा लामो कपालसहित 'इन्टेन्स लुक'मा देखिएका छन् ।



हरिहरको लुक्सले चरित्रबारे केही संकेत गर्छ । चन्दन, घाँटीमा बुटी, रुद्राक्षको माला र गेरु गम्छा भिरेको चरित्र धार्मिक देखिन्छ । कपाल फिजाएको चरित्रमा भने क्रोधको भाव झल्किएको छ । उनको दुईवटा लुक्सले हिंसाको बाटो अंगालेको पात्रको धार्मिक यात्रालाई दर्शाएको छ । अभिनयको हिसाबले हरिहरको यो दोस्रो फिल्म हो । उनको डेब्यू फिल्म 'शुभ लभ' थियो ।

दशैंको अवसर पारेर आगामी असोज ११ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा हरिहरका साथै नीता ढुंगाना, विपना थापा, सञ्चिता लुईंटेल, प्रशान्त ताम्राकार, किरण केसी, बुद्धि तामाङ, गरिमा शर्मा लगायतले अभिनय गरेका छन् भने साउथ फिल्मका कलाकारहरु ब्रह्मानन्दम, अली, 'गजनी' भिलेन प्रदीप रावत र कबीर दुहान सिंहको पनि अभिनय छ । फिल्मको कथा हरिहर आफैंले लेखेका हुन् ।

भारत र नेपालमा गरी फिल्मको दुई चरणमा छायांकन भइसकेको छ । अब अन्तिम चरणको छायांकन भारतमा गर्ने तयारीमा निर्माण टिम छ । फिल्मलाई भारतका छायाँकार कबीरलालले खिचेका हुन् । उनले 'दिल आपके पास है', 'वेलकम ब्याक', 'परदेश' जस्ता बलिउड फिल्म छायांकन गरिसकेका छन् । नीताको प्रोडक्सन कम्पनी नीता फिल्म्सले फिल्मको निर्माण गरेको हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# किन छानबिनको दायरामा परेनन् रवि लामिछाने ?

काठमाडौं/सहकारी ठगीको अनुसन्धान सकेर अदालतमा पेश अभियोग पत्रमा नाम उल्लेख भएपछि उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने फेरि विवादमा मुछिन पुगेका छन् ।

बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिनाबारे अनुसन्धानपछि सोमबार दायर मुद्दाको अभियोग पत्रमा ऋणीका रुपमा लामिछानेको नाम समावेश छ । उनले 'प्रक्रिया पूरा नगरी २ करोड रुपैयाँ ऋण लिएको' उल्लेख भएपछि लामिछानेलाई साथ दिँदै आएको सत्ता साझेदार नेकपा एमालेले पनि यो प्रकरणमा बोली फेरेको संकेत दिएको छ ।

लामिछानेको बचाउमा 'उजुरी परेकै भरमा मन्त्रीबाट राजीनामा दिने हो भने संसद् नै खाली हुने' टिप्पणी गरेका एमाले अध्यक्ष केपी शर्मा ओलीले मंगलबार झापा पुगेर 'सहकारी केही व्यक्तिका लागि ठगी खाने ठाउँ बनेको' टिप्पणी गरेका छन् ।

उनको बोली दोहोऱ्याउँदै एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले पनि राजनीतिक आवरणमा उनीमाथि उठेका प्रश्न ढाकछोप गर्न नहुने बताएका छन् ।

लगत्तै लामिछानेले फेसबुकमा स्ट्याटस लेख्दै 'आफ्नो नाममा फेक धितो ऋण खाता खडा गरेर ऋण प्रवाह भएको देखाइएको' जिकिर गरेका छन् । 'अनुसन्धानले देखाए अनुसार उक्त ऋण खाता खोल्दा नागरिकता, ऋण माग गरेको फारम, केवाईसी फारम लगायत तिनपुस्ते कुनै विवरण छैन', लामिछोनले भनेका छन्, 'ल्याप्चे, हस्ताक्षर समेत छैन । अर्थात्, मैले ऋण लिएको छैन, मेरो नाम लेखिएको मात्रै छ ।'

लामिछानेले आफू सहकारीको अनियमिततामा नमुछिएको जिकिर गर्दै प्रश्न गरेका छन्, 'अभियोगपत्रमा गोर्खा मिडिया नेटवर्क प्रालिमा तत्कालीन समयमा शेयर धनी रहेको वाहेक रवि लामिछाने भन्ने व्यक्तिले सुप्रिम सहकारी ठगी गरेको भन्ने कुनै प्रमाण कागजातहरूबाट पुष्टि भएको कतै केही छ ?'

जिल्ला प्रहरी कार्यालय, रुपन्देहीका प्रमुख एसपी रञ्जितसिंह राठौर पनि दुई सय बढी ऋणी भएकाले सबैलाई छानबिनमा ल्याउन सम्भव नहुने तर्क गर्छन् । 'फेरि अहिलेको कानून र अनुसन्धानको पद्धतिले सहकारीका ऋणीलाई प्रतिवादी बनाएको अवस्था छैन', उनले संचारकर्मीसँग भने, 'कति फर्जी ऋणी तयार पारिएका छन्, कति साँच्चिकै ऋणी छन्, आवश्यकता अनुसार बुझ्नुपर्ने अवस्था बोलाउने पनि गरिन्छ, तर यसमा आवश्यकता देखिएन ।'

लामिछानेको हकमा त्यसरी बोलाउनुपर्ने अवस्था नदेखिएको दाबी गर्दै उनले थपे, 'सरकारी वकिल र अरू विज्ञसँग समेत छलफल गरेर प्रहरीले रायसहितको प्रतिवेदन तयार गरेको थियो ।' त्यसैले सञ्चालक समितिमा पदाधिकारी रहेका २८ जनालाई प्रतिवादी बनाएर मुद्दा दर्ता भएको उनले बताए ।

तर, फौजदारी कानूनका जानकार वरिष्ठ अधिवक्ता सतिशकृष्ण खरेल भने रवि अनुसन्धानमा दायरामा पर्ने स्थिति नै नरहेको प्रहरीको भनाइ मान्न तयार छैनन् ।

खरेलको भनाइमा, रविको नाममा ऋण लिइएको रकम ग्यालेक्सी टिभी सञ्चालन गर्ने गोर्खा मिडिया नेटवर्क प्रालिको नाममा गएको छ । अर्को, गोर्खा मिडिया नेटवर्क प्रालिको १५ प्रतिशत शेयरधनीका रुपमा रवि कम्पनीका सञ्चालक रहेका बेला सुप्रिम बचत तथा ऋण सहकारी संस्थामा बचतकर्ताले राखेको रकम लगानी भएको देखिएको छ ।

'यस्तोमा गैरकानूनी रुपमा आफ्नो खातामा पैसा आएको थाहा छैन भन्ने अवस्था हुँदैन', खरेलले संचारकर्मीसँग भने, 'सञ्चालकले कम्पनीको दैनिक काम, कारबाही त हेर्ने नै भयो, यस्तोमा उनी कम्तिमा छानबिनको दायरामा पर्नुपर्थ्यो ।'

*(स्रोत: अनलाइनखबर)*

# टी-२० मा नेपालको वरीयता घट्यो



काठमाडौं/आईसीसी टी-२० अन्तर्राष्ट्रियतर्फ नेपाली क्रिकेट टिमको वरीयता घटेको छ ।

आईसीसीले मंगलबार सार्वजनिक गरेको वरीयता लिष्टमा नेपालको वरीयता १ स्थान तल झरेको हो ।

नेपालले अघिल्लो महिना घरेलु मैदानमा भएको नेपाल नेदरल्यान्डस् र नामिबीयासँगको सिरिजमा ५ मध्ये ३ खेल हारेको थियो । त्यस्तै एक स्थान मात्रै पछि रहेको यूएइले लगातार राम्रो नतिजा ल्याउँदा नेपाल पछि परेको हो ।

यसअघि १६ औं स्थानमा रहेको नेपाल १ स्थान घट्दै १७ औं स्थानमा रहेको छ । त्यस्तै, एशोसिएट राष्ट्र युएई नेपाललाई उछिन्दै १६ औं स्थानमा उक्लिएको छ । टी-२० तर्फ भारत शीर्ष स्थानमा रहेको छ । इङ्ल्यान्ड दोस्रो र अष्ट्रेलिया तेस्रो स्थानमा रहेको छ ।

टप १० मा कुनै परिवर्तन नहुँदा आयरल्यान्ड र जिम्बावेले टी२० मा १ स्थान सुधार गर्दै क्रमश: ११औं र १२औं स्थानमा उक्लिएका छन् ।

स्कटल्यान्ड र नेदरल्यान्ड्स् १४औं र १५औं स्थानमा तथस्त छन् । नेपाललाई पछ्याउँदै ओमान १८ र पीएनजी १९ औं स्थानमा रहेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# भीमफेदीको वित्तीय प्रगति ३९.८६ प्रतिशत

साझाकुरा संवाददाता



हेटौंडा, ५ वैशाख/ मकवानपुरको भीमफेदी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को नौ महिनामा करीब ४० प्रतिशत बजेट खर्च गरेको छ । पालिकाले चालु आर्थिक वर्षको दोस्रो चौमासिकको चैत्र २० गतेसम्ममा ३९.८६ प्रतिशत खर्च गरेको हो ।

गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को लागि ७५ करोड २६ लाख ७६ हजार ६०० रुपैयाँ बराबरको बजेट विनियोजन गरेकोमा गएको साउनदेखि चैत्र २० गतेसम्म ३० करोड ४८ हजार ८७३ रुपैयाँ खर्च गरेको छ । पालिकासँग अब ४५ करोड २६ लाख २७ हजार ७२६ रुपैयाँ बजेट मौज्दात रहेको जनाएको छ । गाउँपालिकाले यस अवधिमा सबैभन्दा बढी अनुगमन तथा मूल्यांकन क्षेत्रमा ७४.४७ प्रतिशत खर्च गरेको छ ।

पालिकाले दिएको तथ्यांक अनुसार यस अवधिमा ३ वटा क्षेत्रमा मात्र ५० प्रतिशत बढी खर्च गरेको छ भने, ५ वटा क्षेत्रको बजेट शुन्य खर्च गरेको छ । पालिकाले अनुगमन मुल्यांकन (७४.४७), शिक्षा (५८.६१) र शासनप्रणालीको क्षेत्रमा (५५.३९) प्रतिशत खर्च गरेको छ । यस्तै सहकारी, सामाजिक सुरक्षा तथा संरक्षण, उर्जा, सम्पदा पूर्वाधार र तथ्यांक प्रणालीको क्षेत्रमा शुन्य बजेट खर्च गरेको छ ।

गाउँपालिकाले आर्थिक विकासतर्फ १९.७३, कृषिक्षेत्रतर्फ २८.०६, उद्योगतर्फ ११.९४, पर्यटनतर्फ ५.८२, जलश्रोत तथा सिंचाईतर्फ २९.४२, पशुपन्छी विकासतर्फ ७.८४, सामाजिक विकासतर्फ ४७.८१, स्वास्थ्यतर्फ ४३.३५, खानेपानी तथा सरसफाईतर्फ २६.४१, भाषा तथा संस्कृतितर्फ ११.३४ र लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फको ११.२९ प्रतिशत बजेट खर्च गरेको छ ।

त्यस्तै युवा तथा खेलकुद तर्फ ६.७९, पूर्वाधार विकासतर्फ ३४.७७, यातयात पूर्वाधारतर्फ ३२.९४, भवन आवास तथा सहरी विकासतर्फ ४७.३१, पुननिर्माणतर्फ १९.१२, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ ३७.१५, वातावरण तथा जलवायुतर्फ १९.३८, विपद व्यवस्थापनतर्फ ७.४२ मानवसंशाधन विकासतर्फ १५, कानुन तथा न्यायतर्फ १७.८९, श्रम तथा रोजगार तर्फ १४.५४, र कार्यालय सञ्चालनतर्फ ४६.३२ प्रतिशत बजेट खर्च गरेको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षको योजनाहरु समयमै सक्ने गरी काम भईरहेको जनाएको छ । ठेक्का तथा कोटेशनबाट सञ्चालित बाहेक गाउँपालिकाको कुल २५७ वटा योजनामध्ये हालसम्म १८७ वटा सम्झौता गरिसकेको र ९८ वटा सम्पन्न भई भुक्तानीसमेत भईसकेको र ७० वटा सम्झौता गर्न बाँकी रहेको जनाएको छ ।

# तरुणको भवन निर्माणमा दाहालद्वारा दुई लाख सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ५ वैशाख/ नेपाली कांग्रेसको भातृ संगठन नेपाल तरुण दलको केन्द्रीय कार्यसमिति भवन निर्माणका लागि मकवानपुरका गुरुप्रसाद दाहाल (गोपी) ले नगद सहयोग गरेका छन् ।

तरुण दल केन्द्रीय सदस्य गोपीले २ लाख ५ हजार ५५५ रुपैयाँ भवन निर्माणका लागि सहयोग गरेको केन्द्रीय समितिले विज्ञप्ति जारी गरेर जानकारी दिएको छ । दाहाल पेशाले निर्माण व्यवसायी हुन् । तरुण दल केन्द्रीय अध्यक्ष बिद्वान गुरुङले भवन निर्माणमा सहयोग गर्नेहरुको नाम सार्वजनिक गरेका थिए ।

तरुण दलको केन्द्रीय कार्यसमिति बैठकले तरुण दलको भवन बनाउने निर्णय गरेबमोजिम सोही निर्णयलाई सार्थकता दिन नगद सहयोग गरिएको दाहालले बताए । तरुण दलको चैत्र १५ र १६ गते बसेको केन्द्रीय समिति बैठकले केन्द्रीय कार्यालय भवन निर्माण गर्ने निर्णय गरेको थियो । सोही निर्णयको कार्यान्वयनका लागि आफूले २ लाख ५ हजार ५५५ रुपैयाँ सहयोग गरेको दाहाल बताउँछन् । दाहाल कांग्रेसको क्षेत्रीय सदस्य समेत छन् ।

# मकवानपुरका ३२ हजार बालबालिकालाई भिटामिन ए खुवाईंदै

साझाकुरा संवाददाता

हेटौंडा, ५ वैशाख/ वैशाख ६ र ७ गते बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउने अभियान सञ्चालन गरेको छ । भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि (अल्बेन्डाजोल) एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य निरीक्षक बासुदेव रिमालले जानकारी दिए ।

मकवानपुरमा भिटामिन 'ए' करिब ३२ हजार २ सय ४२ जना बालबालिका र जुकाको औषधि करिब २८ हजार ४ सय ९८ जना बालबालिकालाई खुवाइने तयारी गरिएको उनले जानकारी दिए । भिटामिन 'ए' कार्यक्रमका लागि जिल्लामा ४ सय ७१ जना स्वास्थ्यस्वयम्सेविका खटिएका छन् । रिमालका अनुसार स्थानीय तहको मागको आधारमा भिटामीन ए र जुकाको औषधि वितरण गरिसकेको छ । बैशाख ६ गते भिटामिन ए र अलबेन्डाजोल खान छुटेका बालबालिकालाई बैशाख ७ गते पनि खुवाउन सकिने छ ।

बालबालिकालाई नजिकैको स्वास्थ्यचौकी तथा उपस्वास्थ्यचौकी मार्फत भिटामिन 'ए' र जुकाको औषधि खुवाउने व्यवस्था मिलाइएको छ । नेपाल सरकारको नियमित कार्यक्रम अनुसार वर्षमा २ पटक सञ्चालन यस्ताखालका कार्यक्रम सञ्चालन गर्दै आएको छ । सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो ।

सरकारले प्रत्येक आर्थिक वर्षमा कात्तिक र वैशाखमा भिटामिन 'ए' र जुकाको औषधि बालबालिकालाई निःशुल्क खुवाउने गरेको छ ।

# सम्मान रकममा १५ हजार थपेर अक्षयकोष

साझाकुरा संवाददाता

हेटौंडा, ५ वैशाख/ पारिजात स्मृति साहित्य सम्मान-२०८० साहित्यकार एवम् स्वास्थ्यसेवी डा.महेश मास्केलाई प्रदान गरिएको छ । ३१ औं पारिजात स्मृति दिवसको अवसरमा बुधबार हेटौंडामा साहित्यकार पारिजातको स्मृतिमा स्थापित सम्मान मास्केलाई प्रदान गरिएको हो ।

साहित्य सङ्गम मकवानपुर र आदर्श टोल विकास संस्थाले हेटौंडा-१० नम्बर वडा कार्यालयसँगको सहकार्यमा मास्केलाई १५ हजार पाँच सय ५५ रुपैयाँ राशीको सम्मान प्रदान गरिएको हो । हेटौंडा बसपार्कमा रहेको पारिजातको प्रतिमामा माल्यार्पणपछि भएको कार्यक्रमकाबीच हेटौंडा-१० का वडाध्यक्ष फुर्वादोर्जे लामा, सङ्गमका अध्यक्ष डिबी वर्तौला, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिललगायतले मास्केलाई नगदसहित सम्मानपत्र प्रदान गरेका थिए ।

पारिजात स्मृति सम्मान ग्रहण गर्दै डा. मास्केले आफूले सम्मानबापत प्राप्त गरेको नगद १५ हजार पाँच सय ५५ रुपैयाँमा त्यति नै रकम थपेर साहित्य संगमले निर्माण गर्दै गरेको अक्षयकोषमा सहयोग गरे । साहित्यको उन्नयनमा लागेको संस्थालाई थप मजबुत बनाउनको लागि आफूले पाएको सम्मानमा रकम थप गरी सहयोग गरेको मास्केले बताए । पारिजात स्मृति केन्द्रका पूर्वअध्यक्षसमेत रहेका मास्केले पारिजातको व्यक्तित्व र कृतित्वको प्रवर्द्धनका साथै नेपाली साहित्य र स्वास्थ्य क्षेत्रको उन्नयनमा महत्वपूर्ण भूमिका खेलेको भन्दै सम्मान प्रदान गरिएको हो ।

# ४ नम्बर वडा मेयर कपको च्याम्पियन

साझाकुरा संवाददाता



हेटौंडा, ५ वैशाख/मेयर कप फुटबल प्रतियोगिता-२०८० को उपाधि हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ ले जितेको छ । हेटौंडा-१४ को चुनौती सडनडेथमा समाप्त पार्दै हेटौंडा-४ ले चौथो संस्करणको उपाधिमा आफ्नो नाम लेखाएको हो ।

सडनडेथमा ६-५ गोल अन्तरले विजयीहुँदै उपाधि सहित विजेता टोली नगद २ लाख रुपैयाँ प्राप्त गर्दा उपविजेता टिमले नगद १ लाख ५० हजार रुपैयाँमा चित्त बुझाउन बाध्य भयो । निर्धारित ९० मिनेटको समय १-१ गोलको बराबरीमा टुंगिएपछि खेलको छिनोफानो पेनाल्टी सुटआउटमार्फत् गरिएको थियो । टाइब्रेकरमा २-२ गोलको बराबरी भएपछि सडनडेथबाट विजेताको टुंगो लागेको हो ।

खेलको ६२ औं मिनेटमा च्याम्पियन टोलीको तर्फबाट दीपेश भण्डारीले गोल गर्दै अग्रता दिलाएका थिए । खेल सकिन १० मिनेट बाँकी रहेको अवस्थामा उपविजेता टोलीका लागि अनुप रानामगरले गोल गर्दै खेललाई बराबरीमा ल्याएका थिए ।

टाइब्रेकरमा विजेता टोलीका लागि मनोज लामा र दीपेश भण्डारीले गोल गर्दा अनिष महर्जन, कृष्ण लामा र निरज देउला गोल गर्न चुकेका थिए । सडनडेथमा साजन खड्गी, ससिल देउला, निरज देउला र अलिफ देउलाले हेटौंडा-४ का लागि गोल गर्दा गम्भीर थिङ भने गोल गर्न चुकेका थिए ।

हेटौंडा-१४ को तर्फबाट टाइब्रेकरमा मनिष घलान र दोर्जे लामाले गोल गरेका थिए भने अनुप रानामगर, प्रताप थोकर र रेहन लामाको प्रहार खेर गएको थियो । सडनडेथमा अस्मिर गोङ्बा, दोवा लामा, पासाङ लामाले गोल गर्दा सुदिप गोले र सुसिवन घलान गोल गर्न चुके ।

प्रतियोगितामा हेटौंडा-४ का खेलाडी अनिष महर्जन सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले नगद १० हजार रुपैयाँ प्राप्त गरे । हेटौंडा-४ गोलरक्षक निरज देउला, मिडफिल्ड दीपेश भण्डारी, प्रशिक्षक शंकर खड्ग, हेटौंडा-१४ का फरवार्ड अनुप रानामगर र डिफेण्डर सुविन धमला, हेटौंडा-१५ का विश्वास भोलन सर्वाधिक गोलकर्ता घोषित भए । उत्कृष्ट सबैले जनही ५/५ हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगितामा हेटौंडा १५ नम्बर वडा तेस्रो र १३ नम्बर वडा चौथो स्थानमा रह्यो । दुवै टोलीले क्रमशः ५० र २५ हजार रुपैयाँ प्राप्त गरे ।

# नेकाको प्रशिक्षक प्रशिक्षण कार्यक्रम सकियो

साझाकुरा संवाददाता

हेटौंडा, ५ वैशाख/ नेपाली कांग्रेस मकवानपुरले आयोजना गरेको दुई दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम बुधबार सम्पन्न भएको छ । नेपाली कांग्रेस मकवानपुरको आयोजनामा ४ र ५ गते हेटौंडामा आयोजित पार्टीका जिल्ला, क्षेत्रीय, प्रदेश क्षेत्रीय र गाउँपालिका कार्यसमितिका पदाधिकारीलाई तालिम दिएको सचिव भीमसेन महतले बताए ।

कार्यक्रममा ८१ जना पदाधिकारीको सहभागिता रहेको महतले जानकारी दिए । तालिममा डा. गोविन्द पोखरेल, डा. सुरेश आचार्य, डा. शंकर तिवारी, कांग्रेस बागमती प्रदेशका मूख्यसचिव राजु नेपाल र अर्जुन सुवेदीले सहभागीलाई प्रशिक्षण गराएका थिए ।

तालिममा प्रशिक्षण कलादेखि पार्टीको विभिन्न नीति, विधान र बर्तमान परिवेशका बारेमा प्रशिक्षण दिएको कांग्रेस मकवानपुरका सहसचिव ईन्दिरा न्यौपानेले बताइन् । न्यौपानेका अनुसार प्रशिक्षण गर्ने प्रशिक्षक उत्पादन गर्नका लागि तालिम दिएको बताइन् । कार्यक्रमबाट उत्पादित प्रशिक्षकले वडावडा, गाँउ/गाँउमा गएर प्रशिक्षण दिने बताइएको छ । कांग्रेस बागमती प्रदेशका सभापति ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यता तथा जिल्ला सभापति बुद्ध लामाको साभाध्यक्षतामा कार्यक्रम गरिएको थियो ।


हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर

९८४५२६२५२२, ९८५५०७२६२३


## हेटौंडा उपमहानगरपलिका
## नगर कार्यपालिकाको कार्यालय
### हेटौंडा, मकवानपुर
### बागमती प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८१/०१/०६*

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतको लागि आवश्यक रहेको तपसिल बमोजिमको पदमा प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा नियुक्ति गरी कार्य गराउनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन नगर कार्यपालिकाको मिति २०८१।०१।०२ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद/तह | सेवा/समूह | संख्या | काम गर्ने स्थान |
|---|---|---|---|---|---|
| १. | १३/०८०/८१ | मेडिकल अधिकृत/ अधिकृत आठौं | स्वास्थ्य/ज.हे.स. | १ (एक) | हेटौंडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका अस्पताल वा स्वास्थ्य केन्द्र |
| २. | १४/०८०/८१ | अ.हे.व./ सहायक चौथो | स्वास्थ्य/हे.ई. | ५ (पाँच) | हेटौंडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका स्वास्थ्य केन्द्र जसमध्ये नकौली र चिप्लेटी आधारभूत स्वास्थ्य केन्द्रको लागि १/१ जना |
| ३. | १५/०८०/८१ | अ.न.मी./ सहायक चौथो | स्वास्थ्य/पब्लिक हेल्थ नर्सिङ समूह | ४ (चार) | हेटौंडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका स्वास्थ्य केन्द्र जसमध्ये नकौली आधारभूत स्वास्थ्य केन्द्रको लागि १ जना र ज्यामिरे सहरी स्वास्थ्य केन्द्रका लागि १ जना |
| ४. | १६/०८०/८१ | नगर प्रहरी जवान | प्रशासन | १० (दश) | हेटौंडा उपमहानगरपालिका कार्यालय उपमहानगर प्रहरी बल ईकाई |
| ५. | १७/०८०/८१ | बारुणयन्त्र सिपाही | प्रशासन | ३ (तीन) | हेटौंडा उपमहानगरपालिका कार्यालय बारुणयन्त्र ईकाई |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

**क) मेडिकल अधिकृत पदको लागि :**
(अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरहको उपाधी हासिल गरेको साथै NMC मा दर्ता भएको ।
(आ) उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**ख) अ.हे.व पदको लागि :**
(अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व.वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरेको वा सो सरहको उपाधी हासिल गरेको साथै काउन्सिलमा दर्ता भएको ।
(आ) उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**ग) अ.न.मी. पदको लागि :**
(अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरेको वा सो सरहको उपाधी हासिल गरेको साथै काउन्सिलमा दर्ता भएको ।
(आ) उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**घ) नगर प्रहरी जवान पदको लागि :**
(अ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट दश कक्षा वा सो सरह उत्तीर्ण गरेको । अनुमति प्राप्त संस्थाबाट सुरक्षा सम्बन्धी तालिम प्राप्त वा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबाट अवकास प्राप्त कर्मचारी हुनु पर्नेछ ।
(आ) उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
(इ) पुरषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

**ङ) बारूणयन्त्र सिपाही पदको लागि :**
(अ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट दश कक्षा वा सो सरह उत्तीर्ण गरेको । अनुमति प्राप्त संस्थाबाट सुरक्षा सम्बन्धी तालिम प्राप्त वा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबाट अवकास प्राप्त कर्मचारी हुनु पर्नेछ ।
(आ) उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
(इ) पुरषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

२) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
३) दरखास्त दिने स्थान :- हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय ।
४) दरखास्त दिने अन्तिम मिति :-२०८१ साल बैशाख २० गते (उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट)
५) आवेदन दस्तुर :- मेडिकल अधिकृतको पदको लागि रु. १२०० (एक हजार दुई सय मात्र), अ.हे.ब. तथा अ.न.मी. पदको लागि रु.५०० (पाँच सय मात्र) र नगर प्रहरी जवान र बारुणयन्त्र सिपाही पदको लागि रु.३०० (तीन सय मात्र)

**६) छनौटको किसिम :-**
(अ) नगर प्रहरी जवान र बारुणयन्त्र सिपाहीको हकमा प्रयोगात्मक (शारीरिक, दौड, स्वास्थ्य जाँच) र अन्तरवार्ता
(आ) बुंदा नं. १ बाहेकका पदहरुको हकमा लिखित परीक्षा र अन्तरवार्ता

७) प्राथमिकता: मेडिकल अधिकृत बाहेकका पदको हकमा सम्बन्धित स्थानीय तहको स्थायी वासिन्दाले प्राथमिकता पाउने छ ।
८) आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु
- नेपाली नगरिकता
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- तालिमको प्रमाणपत्र
- कार्यअनुभव भए सोको कागजात
- निरोगिताको प्रमाणपत्र

९) सेवा सुविधा तथा कार्य अवधी :- सम्झौतामा उल्लेख भए बमोजिम ।
१०) कार्यविवरण:- सम्बन्धित सेवा समूह पद तथा तहले गर्ने गरी तोकिएका कार्य तथा उपमहानगरपालिकाका नियमानुसार ।
११) परीक्षा मिति, समय र स्थान: पछि सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।
१२) उल्लेखित पदको लागि आवेदनको ढाँचा कार्यालयको वेवसाइट hetaudamun. gov.np बाट उपलब्ध हुनेछ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना